बैठक सञ्चालन कार्यविधि-२०७४

**अनुसूची-१**

**बुदा नं. १२.२ संग सम्बन्धित**

बैठक संख्या: ११३

मिति: २०८१/०९/२१

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| १. | श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. | श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. | श्री हेमराज घर्तीमगर | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. | श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. | श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. | श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं. वडा अध्यक्ष |
| ९. | श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. | श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. | श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

Scanned with CamScanner

**अन्य उपस्थिति:**

| | |
|---|---|
| १. भिमसेन बुढामगर | सूचना प्रविधि अधिकृत |
| २. देवदत्त रिजाल | प्रशासन पाचौँ |
| ३. यज्ञ प्रसाद कँडेल | लेखा शाखा प्रमुख |
| ४. सम्जिपुरा बुढा मगर | कार्यालय सहयोगी |

**प्रस्तावहरू:**

१. गाउँसभाको बैठक प्रस्ताव सम्बन्धमा,

२. कार्यविधि सम्बन्धमा,

३. प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा,

४. हाइ डेन्सिटि स्याउको दररेट सम्बन्धमा,

५. स्याउँको राजस्व दररेट सम्बन्धमा,

६. विविध

   १. स्वास्थ्य शाखाको प्रस्ताव सम्बन्धमा,

   २. बाटो मर्मत सम्बन्धमा।

   ३. बजेट माग सम्बन्धमा।

**निर्णयहरू:**

**निर्णय नं. १.** प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८१।०९।२२ गते दिउसो १ बजे बस्ने १६ औं हिउदे अधिवेशनमा देहायका प्रस्तावहरु पेश गर्ने निर्णय गरियो।

***देहाय***

मिति २०८१।०७।१३ र १४ गते रोल्पा जिल्लाका संघीय तथा प्रदेश सांसद तथा अन्य विशिष्ट व्यक्तित्वको उपस्थितिमा भएको **जलजलाको पर्यटकीय पूर्वाधारको निर्माण, विकास र विस्तार सम्बन्धी सर्वपक्षीय अन्तरक्रिया** कार्यक्रममा खर्च भएको रकम रु ३००४००।० (अक्षरुपी रु तीन लाख

चार सय मात्र) थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम खर्च शीर्षक विविध खर्चबाट भुक्तानी गर्ने प्रस्ताव १६ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाको स्वास्थ्य संस्थाहरु आधारभूत स्वास्थ्य सेवा केन्द्र घोराबाङ, आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्लोबाङ र सामुदायिक स्वास्थ्य इकाई केन्द्र ठूलोगाउँ मिरुलमा स्थापना गरिएका बर्थिङ सेन्टरमा रिक्त रहेका पद-स्टाफ नर्स, श्रेणी/तह-पाँचौ, सेवा-स्वास्थ्य, समुह-कम्युनिटी नर्सिङमा ३ जना कर्मचारी पदपूर्ति गर्ने प्रस्ताव १६ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकामा पालिकाभन्दा बाहिरबाट ल्याई बिक्रि वितरण गर्ने स्याउँको लागि आर्थिक वर्ष २०८१।०८२ को आर्थिक विधेयकमा राजश्व दर तोक्न छुटन गएकोले प्रति विरुवा रु आठ रुपैया राजश्व संकलनका लागि दर तोक्ने प्रस्ताव १६ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाको न्यायिक समितिको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन सम्बन्धी प्रस्ताव १६ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

दुर्गम क्षेत्र विकास कार्यक्रम अनुदान अन्तर्गत थबाङ गाउँपालिका वडा नं ३ स्थित श्री लाकुरीखङ झोलुङ्गे पुल निर्माणका लागि रु १०,००,०००/- (अक्षरुपी दश लाख रुपैया मात्र) विनियोजन भई श्री लाकुरीखङ झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिको नाममा रहेको खातामा रकम जम्मा भई उक्त झोलुङ्गे पुल निर्माण गर्न रकम अपुग भएको र रकम रोक्का गरी राखेकोमा र आ.व. २०७९/०८० मा सो श्री लाकुरीबोट झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भइसकेकाले रकम रोक्का गरी राखेको रकमले थबाङ गाउँपालिका वडा नं ३ स्थित काँफलडाँडा र टुटुलाई जोड्ने रिगैखोला झौलुङ्गे पुल निर्माणमा खर्च गर्न रकम फुकुवा गर्ने प्रस्ताव १६ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाको वातावरणीय तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ प्रस्ताव १६ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २.** प्रस्ताव नं २ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ र थबाङ गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा थबाङ गाउँपालिका स्थित थबाङ खोला, मिरुल खोला र उवा खोलाबाट उत्खनन गर्न सकिने प्राकृतिक स्रोत साधन ढुङ्गा, गिट्टी तथा बालुवाको सम्बन्धमा श्री

Scanned with CamScanner

मल्टि सेक्टर इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., शान्तिनगर-२, दाङद्वारा अध्ययन गरी पालिकामा पेश गरिएको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा लुम्बिनी प्रदेश सरकारबाट सशर्त अनुदान अन्तर्गत थबाङ गाउँपालिकामा कार्यान्वयन गरिने हाइ डेन्सिटि स्याउ प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक हाइ डेन्सिटि जातको स्याउको विरुवाको रोल्पा जिल्लामा दररेट कायम नगरिएकोले रुकुम पूर्व जिल्लामा आर्थिक वर्ष २०८१।०८२ का लागि तोकिएको दररेट रु १०००। (अक्षरुपी रु एक हजार मात्र) प्रति विरुवा तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रास्ताव नं ५ माथि छलफल गर्दा थबाङ गाउँपालिका बाहिरबाट ल्याई बिक्रि वितरण गर्ने स्याउँको लागि आर्थिक वर्ष २०८१।०८२ को आर्थिक विधेयकमा राजस्श दर तोक्न छुटन गएकोले रु आठ प्रति विरुवा रावस्व संकलनका लागि दर तोक्ने र गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** प्रस्ताव नं ६ माथि छलफल गर्दा विभिन्न विविध प्रस्तावमा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

थबाङ गाउँपालिकाको आ.व. २०८१/०८२ मा आधारभूत तथा आकस्मिक सेवास्थ्य सेवाको लागि औषधि खरिद गर्न रु १६,३२,०००/- (अक्षरुपी सोह्र लाख बत्तीस हजार रुपैया) को बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

थबाङ गाउँपालिका वडा नं ५ स्थित थबाङ गाउँपालिका र सुनछहरी गाउँपालिका सिमानामा पर्ने ग्याम खोलामा वर्खायाममा सडक अवरुद्ध भएकाले सुनछहरी गाउँपालिकाले जालीको ढुवानी उपलब्ध गराएको र थबाङ गाउँपालिकाले मर्मत गर्नका लागि जाली भर्ने ज्यामीको व्यवस्थापन गरेकाले उक्त व्यवस्थापनका क्रममा ज्यामीको ज्याला वापत रु ५१,५००/- (अक्षरुपी एकाउन्न हजार पाँच सय रुपैया मात्र) खर्च भएकाले विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिनका लागि गाँउसभामा पेश गर्ने निर्णय गरियो ।

थबाङ गाउँपालिका वडा नं ३ स्थित टुटु जाया हुदैँ कुरेली जोड्ने मोटरबाटो निर्माणका लागि मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, राप्ति उपत्यका, दाङमा बजेट माग गर्ने निर्णय गरियो ।